# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

## गण्डकी गाउँपालिका
## गोरखा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश )

पत्र संख्याः २०७८।७९
च.नं. ४१ मितिः २०७९।३।२६

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
गण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
गोरखा ।

**कैफियत सहितको राय**

हामीले गण्डकी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड ७४ लाख १५ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू. ८९ लाख ६२ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.६ लाख १६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ४ लाख ४७ हजार, नियमित गर्नुपर्ने रू.७३ लाख ९० हजार रहेको छ । गतवर्ष रु. ५ करोड ४४ लाख ८० हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.७ करोड २९ लाख ३३ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। गाउँपालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

गण्डकी गाउँपालिका, गोरखा

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३५ | ८५ | २७४१५ | - | ३ | ८९६२ | ३५ | ८२ | १८४५३ | ६१६ | ७३९० | १०४४७ | - | - | १७८३७ | - |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ५४४८० | - | - | ५४४८० | - | १८४५३ | ७२९३३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : गण्डकी गाउँपालिका, गोरखा , गण्डकी गाउँपालिका , गोरखा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | PURAN GURUNG | २०७८-४-१ | |
| कार्यालय प्रमुख | JIT BAHADUR BHANDARI | २०७८-७-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | BUDDHI PRASAD SUBEDI | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | २७,४१५,१९४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ९,८४,३३,४९८.८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५१,७०,६२,४०२.४२ | चालु खर्च | ३८,८५,०२,४५,२०२ |
| प्रदेश सरकारबाट अनुदान | २,५०,०२,६८२.८१ | पूँजीगत खर्च | १४,१२,३१,७६६.१५ |
| राजश्व बाँडफाँट | ६,९६,८४,०९९.७ | वित्तीय/अन्य व्यवस्था | १,८८,३०,२७७.६२ |
| आन्तरिक आय | १,६२,०९,७३६.८२ | | |
| अन्य आय | २,८४,५०,०२७.६८ | | |
| कुल आय | ६५,६४,०८,९४९.४३ | कुल खर्च | ३९,०१,०३,०७,२४५.७७ |
| बाँकी मौज्दात | | २०,६२,७७,९५२.४४ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७८।१०।२४ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, 4५ सभा सदस्य, १२३.८६ वर्ग किलोमिटर क्षेत्रफल र रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>सञ्चितकोष<br>स्थानीय संचित कोष - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः
<table>
<tr><td colspan="9">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td><td colspan="3">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/ भुक्तानी</td><td>वस्तुगत/ सोझै भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/ भुक्तानी</td><td>वस्तुगत/ सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>५६,०१,६७,७६२.३४</td><td>५५,५०,१७,८७२.२०</td><td></td><td>५५,५०,१७,८७२.२०</td><td>४२,०९,७१,८४०.३८</td><td></td><td>४२,०९,७१,८४०.३८</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा</td><td></td><td>५३,८७,६२,०१०</td><td>५२,६५,६७,८४४.५२</td><td>०</td><td>५२,६५,६७,८४४.५२</td><td>४१,२५,०१,५३४.२७</td><td>०</td><td>४१,२५,०१,५३४.२७</td></tr>
</table></td><td></td></tr>
</table>

 

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आम्दानी बाँधिने) | | | | | | | | | | |
| | | | | ११००० कर | ११ | ९,११,८३,८९० | ८,०१,३३,२६०.५२ | ० | ८,०१,३३,२६०.५२ | ५,६६,८७,५४०.३६ | ० | ५,६६,८७,५४०.३६ | | |
| | | | | १३००० अनुदान | | ४४,४७,१८,१२० | ४४,०६,७४,००८ | ० | ४४,०६,७४,००८ | ३३,६६,२६,००० | ० | ३३,६६,२६,००० | | |
| | | | | संघीय सरकार | १२ | ४१,९५,४२,१२० | ४१,८०,५०,००८ | ० | ४१,८०,५०,००८ | ३१,२०,६३,००० | ० | ३१,२०,६३,००० | | |
| | | | | प्रदेश सरकार | १२ | २,५१,७६,००० | २,२६,२४,००० | ० | २,२६,२४,००० | २,४५,६३,००० | ० | २,४५,६३,००० | | |
| | | | | १४००० अन्य राजस्व | | २८,६०,००० | ५७,६०,५७६ | ० | ५७,६०,५७६ | १,६७,१०,१०४.९६ | ० | १,६७,१०,१०४.९६ | | |
| | | | | ख. अन्य प्राप्ति | | २,१४,०५,७५२.३४ | २,८४,५०,०२७.६८ | | २,८४,५०,०२७.६८ | ८४,७०,३०६.११ | | ८४,७०,३०६.११ | | |
| | | | | वितरण गर्न बाकी राजस्व | | ० | १०,६३,८८८.५० | ० | १०,६३,८८८.५० | ० | ० | ० | | |
| | | | | कोषहरु | | २,१४,०५,७५२.३४ | २,२९,६०,२४९.१८ | ० | २,२९,६०,२४९.१८ | ७३,२६,०६३ | ० | ७३,२६,०६३ | | |
| | | | | धरौटी | | ० | ४४,२५,८९० | ० | ४४,२५,८९० | ११,४४,२४३.११ | ० | ११,४४,२४३.११ | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | | | भुक्तानी (ग+घ) | | ६३,८२,९५,७६२.३४ | ४४,७१,७३,४१८.५६ | | ४४,७१,७३,४१८.५६ | ३६,६५,०६,३८५.४२ | | ३६,६५,०६,३८५.४२ | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६१,६८,९०,०१० | ४२,८३,४३,१४०.९४ | | ४२,८३,४३,१४०.९४ | ३५,९३,४६,१७७.५७ | | ३५,९३,४६,१७७.५७ | | |
| | | | | २१००० | १८ | १७,१७,४०,५१० | १५,६८,५४,७५४.५१ | ० | १५,६८,५४,७५४.५१ | १२,८७,२१,०३५.६१ | ० | १२,८७,२१,०३५.६१ | | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पारिश्रमिक / सुविधा | | | | | | | | | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,५०,९१,१५० | ६,२१,१८,००३.०६ | ० | ६,२१,१८,००३.०६ | ७,१३,७४,८४५.६९ | ० | ७,१३,७४,८४५.६९ | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | १,०८,३४,००० | ९१,५०,२०३.३७ | ० | ९१,५०,२०३.३७ | ३,९०,९३,३७३.४१ | ० | ३,९०,९३,३७३.४१ | | |
| | | | | २६००० अनुदान | १८ | ७,०४,३३,००० | ४,४८,२४,५७२.७४ | ० | ४,४८,२४,५७२.७४ | ० | ० | ० | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | १,५२,६०,००० | १,२७,८७,४७४.९६ | ० | १,२७,८७,४७४.९६ | २५,२३,३०० | ० | २५,२३,३०० | | |
| | | | | २८००० अन्य खर्च | १८ | ३४,९१,००० | ३२,१२,१४७.९६ | ० | ३२,१२,१४७.९६ | २४,८७,७९५.५३ | ० | २४,८७,७९५.५३ | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २५,००,४०,३५० | १३,९३,९५,९८४.३४ | ० | १३,९३,९५,९८४.३४ | ११,५१,४५,८२७.३३ | ० | ११,५१,४५,८२७.३३ | | |
| | | | | घ. अन्य भूक्तानी | | २,१४,०५,७५२.३४ | १,८८,३०,२७७.६२ | | १,८८,३०,२७७.६२ | ३६,६५,०६,३८५.४२ | | ३६,६५,०६,३८५.४२ | | |
| | | | | कोषहरु | | २,१४,०५,७५२.३४ | १,८०,४५,९६१.३९ | ० | १,८०,४५,९६१.३९ | ५६,०७,९३२.८५ | ० | ५६,०७,९३२.८५ | | |
| | | | | धरौटी | | ० | २२,८०,१८८.३७ | ० | २२,८०,१८८.३७ | १५,५२,२७५ | ० | १५,५२,२७५ | | |
| | | | | संघीय, प्रदेश सरकार वा | | ० | ० | ० | ० | ० | ० | ० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अन्य कार्यक्रम | | | | | | | | | | |
| | | | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | (१४,९५,८७२.१४) | | (१४,९५,८७२.१४) | | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (७,८१,२८,०००) | १०,७८,४४,४५३.६४ | | १०,७८,४४,४५३.६४ | ५,४४,६५,४५४.९६ | | ५,४४,६५,४५४.९६ | | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९,८४,३३,४९८.८० | | ९,८४,३३,४९८.८० | ४,५५,७४,६४४.५० | | ४,५५,७४,६४४.५० | | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (७,८१,२८,०००) | २०,६२,७७,९५२.४४ | | २०,६२,७७,९५२.४४ | १०,००,४०,०९९.४६ | | १०,००,४०,०९९.४६ | | |
| | | | बैंक तथा नगद बाकी | २४ | | २०,७२,२९,१३५.७० | | २०,७२,२९,१३५.७० | १२,३८,८२,४८७.४८ | | १२,३८,८२,४८७.४८ | | |

गाँउपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः

| सि.नं. | खर्च शिर्षक | बजेट | निकासा/खर्च |
|---|---|---|---|
| १ | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | ९५२९२०००. | ९२६९२८०७. |
| २ | ३६५००१०४३-स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ५९०००००. | ५६६२५८७.४२ |
| ३ | ३६५०११११४-स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम | १८०००००. | ०. |
| ४ | ३५०००१२०४-सामाजिक विकास मन्त्रालय (संघ सर्सत) | ३०००००. | ३०००००. |
| ५ | ३५००००११४-सामाजिक विकास मन्त्रालय | २००००००. | १५३५७८१.८१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ६ | ३१४०००११३-आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४३०००. | ४३०००. | |
| | | | | ७ | ३५००१०११३- शिक्षा विकास निर्देशनालय | ५०००००. | ४९९९०१. | |
| | | | | ८ | ३३६००१०२३- गरीबसँग विशेश्वर कार्यक्रम | ७७७०००. | ६५७०००. | |
| | | | | | जम्मा | १०६६१२०००. | १०१३९१०७७.२३ | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाइएन<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ खरिद अनुसार गुरुयोजना खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । | |
| ४.२ | | | • सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखे राखेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.३ | | | • म. ले. प. फाराम नं ९०६ बमोजिम सवारी साधन मर्मतको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । | |
| ४.४ | | | • भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको भएतापनि म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख खाता राखेको पाइन । | |
| ४.५ | | | म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका बेरुजुका निम्न फारमहरु अद्यावधिक गरी राखेको पाइएनः<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४.६</td><td></td><td></td><td>धरौटी फिर्ताः आन्तरीक राजस्व विभागको मिति २०६९।६।१० को पत्रमा अग्रिम भुक्तानी वा धरौटी फिर्ता गर्नुपुर्व भुक्तानी लिएको रकम र मुल्य अभिवृद्धि कर सम्वन्धीत निर्माण व्यवसायीले कर विवरणमा समावेश गरे नगरेको सम्वन्धीत आन्तरीक राजस्व कार्यालयवाट एकिन गरी भुक्तानी दिने पत्र जारी गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यालयले निम्न निर्माण सेवालाइ कार्य सम्पन्न गरि धरौटी रकम फिर्ता गर्दा कर समायोजन प्रमाण पत्र नलिइ भुक्तानी गरेकोले कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>गो.भौ.नं. र मिति</th><th>निर्माण कम्पनी</th><th>कार्य</th><th>भूक्तानी रकम</th></tr>
<tr><td>१</td><td>४।२०७७।९।१०</td><td>सनव्रिज सोलार नेपाल प्रा.लि</td><td>सोलार ब्याकप जडान</td><td>75075</td></tr>
<tr><td>२</td><td>४३।२०७७।११।२१</td><td>तामाकोशी कन्स्ट्रक्सन प्रा.लि.</td><td>फिदिटार भगवनी चौतारा ग्रामीण सडक निर्माण</td><td>208508</td></tr>
<tr><td>३</td><td>५९।२०७७।१२।९</td><td>सालीमार कन्स्ट्रक्सन प्रा.लि.</td><td>सिम्ले आमडाँडा सडक खण्ड मर्मत</td><td>126160</td></tr>
<tr><td>४</td><td>७४।२०७८।३।२५</td><td>साथी कन्स्ट्रक्सन प्रा.लि.</td><td>२०७६ को ठेक्का नं. ६ को सडक निर्माण</td><td>136755</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>546498</td></tr>
</table></td><td>५४६,४९८</td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तीय विवरण परीक्षणः</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td><ul><li>आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन ।</li></ul></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | | • निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गर्नुपर्नेमा यस पालिकाले कट्टा गरेको पाइएन । | |
| ५.३ | | | **वित्तीय विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>• वित्तिय प्रतिवेदन २०७२ ले मौज्दात रकम रु. २०६२७७९५२।४४ र वित्तिय प्रतिवेदनको अनुसूची २४ ले रु. २०७२२९१३५।७० देखाएको छ ।<br>• म.ले.प.फा.नं. २७२ मा कूल प्राप्त रकम रु. ५५५०१७८७२।२० देखाएको छ भने आय व्यय विवरणले गत वर्षको मौज्दात र अन्य आम्दानी समेत समावेस गरी वास्तविक आय रु. ६२२९६३८८२।५७ देखाएको छ ।<br>यसर्थ वित्तिय प्रतिवेदन र अनुसूचीहरुले देखाएको विवरणले आर्थिक कारोबारको यथार्थ र सही चित्रण गरेको छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५.४ | | | **जिम्मेवारी फरक परेकोः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.९६३९६०३८।०५ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.९८४३३४९८।८० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२०३७४६०।७५ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.२०३७४६०।७५ | |
| ६ | | | **बजेट तथा कार्यक्रमः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री ललिता अधिकारीले २०७७।३।१० गते रु.५७ करोड ४२ लाख ९९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।६।१४ मा पारित भएको छ । उक्त बजेटमा ससर्थ तर्फ संशोधन र हिउदे अधिवेशनले थप गरेको रु. ४ करोड २० लाख २९ हजार समेत रु. ६१ करोड ६३ लाख २८ हजार कायम गरेको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।६।२८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६.२ | | | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ३ करोड अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७८।२।२० को निर्णयबाट चालुतर्फ विपत व्यवस्थापन, पहिरो सरसफाइ र सडक स्तरोन्नती शीर्षकमा रु. ६६८११४३ ।- बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ६.३ | | | **क) क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 44663620 | 15552905 | 3.63 |
| सामाजिक क्षेत्र | 282408000 | 227718020 | 53.16 |
| पूर्वाधार विकास क्षेत्र | 191931500 | 109020399 | 25.45 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 3700000 | 2746276 | 0.64 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 94186890 | 73305540 | 17.11 |
| जम्मा | 616890010 | 428343141 | 100.00 |

**ख) चौमासिक पूँजिगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेस्रो चौमासिक र आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | संघिय सरकार | 33787 | 0 | 4058 | 29729 | 18439 |
| २ | प्रदेश सरकार | 5000 | 0 | 0 | 5000 | 5000 |
| ३ | गाउँपालिका | 105609 | 9685 | 9891 | 86033 | 48559 |
| ४ | कूल खर्च: | 144396 | 9685 | 13949 | 120762 | 71998 |
| | खर्च प्रतिशत | | 6.71 | 9.66 | 83.63 | 49.86 |

६.४

**कार्यक्रम तथा प्रगतिः-** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वियनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूजीगत कार्यक्रम तर्फ शुन्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:

| कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वन्टारमहिला समुह कुटानी पिसानी मिल खरिद | ७८,००० | ० | ० | | |
| | | | | दलभन्ज्याङरानिश्वरा कैदी फुजेल सडक सफाइ | ५,००,००० | ० | ० | | |
| | | | | कुनागाउहुदै तोरिश्वरा सडक सफाइ | ५,००,००० | ० | ० | | |
| | | | | छापगाउँदेखी भैरवी हुदै गाउपालिका सडक सफाइ | ५,००,००० | ० | ० | | |
| | | | | वेनिगाउ कोटगाउ छापगाउ चैनपुर सडक सफाइ रकम | ५,००,००० | ० | ० | | |
| | | | | तोलकसानो दर्वुङ राइथोक हुदै वेनिगाउ सडक सफाइ | ५,००,००० | ० | ० | | |
| | | | | गाउपालिकागैरीगाउँ हुदै दलभन्ज्याङ मोटरवाटो गा पा कुलछाप डाडागाउँ स्वाराँ सडक | १२,००,००० | ० | ० | | |
| | | | | गाउपालिकागैरीगाउँ हुदै दलभन्ज्याङ मोटरवाटो गा पा कुलछाप डाडागाउँ स्वाराँ सडक | १८,००,००० | ० | ० | | |
| | | | | माझटारखानेपानी आयोजना | २०,००,००० | ० | ० | | |
| | | | | दर्वुङकोट पर्यटन पुर्वाधार निर्माण | ५,००,००० | ० | ० | | |
| | | | | भुम्लिचोकभैरवि क्षेत्र पर्यटन विकास समिति | १,००,००,००० | ० | ० | | |
| | | | | भैरवीमन्दिर तथा कम्पाउण्ड निर्माण | १०,००,००० | ० | ० | | |
| | | | | प्रोटेवलयु एसजि मेसिन खरिद | ७,००,००० | ० | ० | | |
| | | | | ठुलोपधेरा स्थान कक्ष निर्माण योजना | १,००,००० | ० | ० | | |
| | | | | वडाकार्यालय मर्मत सम्भार | ३,००,००० | ० | ० | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अकलायुवा क्लव भवन निर्माण | ८,००,००० | ० | ० | | |
| | | | | वडाकार्यालय भवनको गेट कम्पाउण्ड लगाय विविध व्यवस्थापन | १०,००,००० | ० | ० | | |
| | | | | एम्वुलेन्सखरिद | ६,००,००० | ० | ० | | |
| | | | | खानेपानियोजना इन्टेक टयाकी निर्माण | १,५०,००० | ० | ० | | |
| | | | | विजोरीखानेपानी मर्मत | ४,८१,००० | ० | ० | | |
| | | | | जलविरेखोला फुडोरि खोला सम्म कल्भड नालि निर्माण | १,५२,००० | ० | ० | | |
| | | | | जलविरेखोला फुडोरि खोला सम्म कल्भड नालि निर्माण | २३,४८,००० | ० | ० | | |
| | | | | माझटारखानेपानी १ घर १ धारा | २,००,००० | ० | ० | | |
| | | | | चुर्लिङटारडिप वोरीङ खानेपानी योजना | १०,००,००० | ० | ० | | |
| | | | | सुन्दरवस्तीवालक्लव भवन मर्मत | १,००,००० | ० | ० | | |
| | | | | वार्सेगाउँभार्लाङगखोला टोल खानेपानी | २,००,००० | ० | ० | | |
| | | | | वेनिगाउँखेल मैदान निर्माण | १,५०,००० | ० | ० | | |
| | | | | कृषिबजार पूर्वाधार निर्माण (५० प्रतिशत लागत सहभागितामा) | ५०,००,००० | ० | ० | | |
| | | | | आग्रीडाडा- दलाभन्न्ज्याङ - रनिस्वारा - कौडी - पौवा - कुवापानी - बतासे भन्न्ज्याङ सडक | १,६७,००,००० | ० | ० | | |
| | | | | तोमानडाडा आधारभूत विद्यालय छात्रावास तथाभान्साघर निर्माण | २०,००,००० | ० | ० | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>कौडी कम्यूनिटि भिलेज ककिट पदमार्ग निर्माण</td><td>३०,००,०००</td><td>०</td><td>०</td></tr></table> | |
| ७ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ७.१ | | | **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १२ ऐन, ४ नियमावली, १६ कार्यविधि, १ आचारसँहिता, २ निर्देशिका, १ दिग्दर्शन र १ मापदण्ड समेत ३७ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । | |
| ७.२ | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विामद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको २ वटा दर्ता गरी कूल ४ वटा विवाद भएकोमा ३ मात्र फछ्र्यौट भई १ बाँकी देखिन्छन् । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ८ | | | **राजस्व आन्तरिक नियन्त्रणः** | |
| ८.१ | | | **राजश्व वाँडफाँडः** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.<br><table><tr><td>आय शीर्षक</td><td>संकलित रकम</td><td>प्रदेशलाई पठाउनु पर्ने प्रतिशत</td><td>पठाएको रकम</td><td>पठाउन बाँकी रकम</td></tr><tr><td>अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी</td><td>4453777</td><td>40</td><td>1355955.4</td><td>425555.4</td></tr></table> | ४२५,५५५.४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.२ | | | **रकम ढिला दाखिला गर्नेः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| ८.३ | | | • पालिकाले प्राप्त गर्नुपर्ने राजश्वको लगत अद्यावधिक गरी राख्नु पर्नेमा लगत अद्यावधिक गरेको पाइएन । | |
| ८.४ | | | • ऐनको अधिकार अन्तर्गत गाउपालिकामा जारी भएका ऐनहरु गाउँसभाको जिम्मेवारीमा र नियम ,कार्यविधि, निर्देशिका लगायतका कानूहरु गाउँकार्यपालिकाको जिम्मावारीमा जारी भएको र अद्यावधिक हुने गरेको छ । | |
| ९ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापनः** | |
| ९.१ | | | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु.१४३८४३५०।- खर्च लेखेको छ । | |
| ९.२ | | | **कर्मचारी दरबन्दीः** कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छ । पालिकामा कूल दरबन्दी संख्या १४४ भएकोमा १२१ पदपूर्ती भई २३ पद रिक्त रहेको पाइयो दरबन्दी अनुसार पदपूर्ती गरिनुपर्दछ । | |
| १० | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.१ | | | • महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरी कानून बनाएको पाइएन तर पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरेको छ । कानून बनाएर मात्र यस्ता सहायता प्रदान गर्नुपर्दछ । | |
| १०.२ | | | **फिर्ता गर्न बाँकी अनुदानः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा निम्नानुसारको रकम संघिय तथा प्रदेश सरकारको सञ्चितकोषमा जम्मा गर्नुपर्ने रु.<br><br>संघिय स्रोत तर्फको सर्सत चालु अनुदान आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम रु. ३४९१५१८।- संघिय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.३४९१५१८।- प्रदेश सरकार तर्फको सर्सत र विशेषा अनुदानको रकम रु. ४१८६०००।- आर्थिक वर्षको अन्त्यमा खर्च नभइ बाँकी रहेकोले उक्त रकम प्रदेश सरकारको सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.४१८६०००।- | ७,६७७,५१८ |
| ११ | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| ११.१ | | | • साविक गाउँपालिका / नगर पालिकाका, संघीय विषयगत कार्यालयको सम्पत्ति र साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरी राख्नु पर्नेमा अद्यावधिक गरेको पाइएन । | |
| ११.२ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.३ | | | • सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नभएको र सम्पतिको संरक्षण र उपयोग सम्बन्धि नीति र मापदण्ड बनेको पाइएन । | |
| १२ | | | **खरिद व्यवस्थापनः**<br>पालिकाबाट भएको निर्माण कार्यहरु मध्य ठेक्काबाट भएको अधिकाम्स योजनाहरुको गुणस्तर परिरक्षण गर्ने गरेता पनि उपभोक्ता समितिबाट भएका निर्माण कार्यहरुको गुणस्तर परिक्षण गर्ने गरेको पाइएन । | |
| १३ | | | **शिक्षा तर्फः** | |
| १३.१ | १७१ | २०७८-३-६ | **स्वास्थ्य सामाग्रि खरिदः** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन प्रक्रियाको सि.नं.१.५ मा स्वास्थ्य सुरक्षा सामाग्री व्यवस्थापन गर्न सामुदायीक विद्यालयमा अध्ययनरत पूर्व प्राथमिक कक्षादेखि कक्षा १२ सम्मका विद्यार्थी संख्या एकीन गरी प्रति विद्यार्थी जम्मा रु.२०० का दरले हुन आउने रकम विद्यालयलाई उपलब्ध गराउने र स्वीकृत स्वास्थ्य सम्वन्धि मापदण्डहरुमा उल्लेखित स्वास्थ्य तथा सुरक्षाका मापदण्ड विकास गर्ने खर्च गर्ने व्यवस्था छ । यस पालिकामा रहेका विद्यालयहरु मध्ये तपसिलको विद्यालयहरुले पेश गरेको स्वास्थ्य सामाग्रि खरिद विजक परीक्षण गर्दा निकासा भएको रकम वरावरको सामाग्री खरिद गरेको देखिएन । निकासा रकमको स्वास्थ्य सामाग्रि खरिद गरेको प्रमाण पेश गर्नुपर्ने रु. | २८,६०० |

| सि.नं. | विद्यालयको नाम | निकासा रकम | खरिद सामाग्री विल | बाँकी रकम |
|---|---|---|---|---|
| १ | श्री कौदी प्रा.वि. | 2000 | 0 | 2000 |
| २ | श्री कालिका प्रा.वि., फूजेल | 15000 | 0 | 15000 |
| ३ | श्री भिमोदय प्रा.वि. | 11600 | 0 | 11600 |
| | जम्मा | | | 28600 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.२ | १७१ | २०७८-३-६ | **CUG Sim card खरिदः** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन प्रक्रियाको सि.नं.१.२ शिक्षक तथा विद्यार्थीलाई सियुजि सेवामा आवद्ध गर्न कक्षा ४-१२ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी रु.१२५ का दरले ३ महिनाको रकम विद्यालयलाई अनुदान दिन सकिने व्यवस्था छ । यस पालिकामा रहेका विद्यालयहरु मध्ये तपसिलको विद्यालयहरुले विद्यार्थीहरुलाई वितरणको लागी खरिद गरेको CUG Sim card को विजक परीक्षण गर्दा निकासा भएको रकम वरावरको सामाग्री खरिद गरेको देखिएन । निकासा रकमको CUG Sim card खरिद विजक तथा वितरण प्रमाण पेश गर्नुपर्ने रु. | ११,२५० |

| सि.नं. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | श्री शिला भैरब प्रा.वि. | 2375 |
| २ | श्री थुम्का प्रा.वि. | 4375 |
| ३ | श्री स्थानेश्वर प्रा.वि. | 1250 |
| ४ | श्री भवानी आ.वि. | 10250 |
| ५ | श्रि चण्डी आ.वि. | 6250 |
| ६ | श्री रत्नेश्वर मा.वि. | 24375 |
| ७ | श्री कालिका प्रा.वि.फुजेल | 3250 |
| ८ | श्री चित्रादेवी आ.वि. | 8500 |
| ९ | श्री पातलदेवी आ.वि. | 10625 |
| १० | श्री भिमोदय प्रा.वि. | 2625 |
| ११ | श्री सूर्योदय मा.वि. | 20250 |
| | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १२ | श्री त्रिकला आ.वि. | 5125 | | |
| | | | | | जम्मा | 99250 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.३ | १७१ | २०७८-३-६ | **पाठ्यपुस्तक खरिदः** कार्यक्रम कार्यान्वियन पुस्तिका आ.व. २०७७/७८ को २.४.६.१ अनुसार प्रविष्ट तथ्याङ्कसँग सत्यापन गराई यकिन संख्याका आधारमा दोस्रो चौमासिकभित्र विद्यालयहरूलाई निकासा दिने र यसरी निकासा दिँदा पहिलोपटकमा. वि.द्यार्थी संख्याको ७५ प्रतिशत संख्याको मात्र निकासा दिने बाँकी २५ प्रतिशत रकम २०७८ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विधार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको आधारमा नपुग हुने रकममा थप निकासा दिन सकिने व्यवस्था छ । आ.व. २०७७/७८ मा ४६ विद्यालयहरूलाई पाठ्य पुस्तक खरिदको लागी रु.३०,५९,८७४.०० भुक्तानी गरिएको छ । विद्यालयले पेश गरेको पाठयपुस्तक खरिद विजक परीक्षणमा निकासा रकम भन्दा घटीको विजक पेश गरेका छन। घटी विजक पेश गर्ने निम्न विद्यालयबाट रकम फिर्ता गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रु | ४१,५५५ |

| सि.नं. | विद्यालयको नाम | निकासा रु. | खरिद विजक रु. | घटी रु. |
|---|---|---|---|---|
| १ | श्री थुम्का प्रा.वि. | 38286 | 36806 | 1480 |
| २ | श्री चण्डी आ.वि. | 44061 | 42883 | 1178 |
| ३ | श्री चक्रदेवी प्रा.वि. | 6105 | 2592 | 3513 |
| ४ | श्री दिर्घेश्वर मा.वि. | 160745 | 158783 | 1962 |
| ५ | श्री अकला आ.वि. | 13667 | 11568 | 2099 |
| ६ | श्री चित्रादेवी आ.वि. | 63089 | 59102 | 3987 |
| ७ | श्री पातालदेवी आ.वि. | 89720 | 77613 | 12107 |
| ८ | श्री त्रिकला आ.वि. | 34510 | 29814 | 4696 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>श्री जिवनज्योती विद्यालय</td><td>20866</td><td>19762</td><td>1104</td></tr>
<tr><td>१०</td><td>जनजागृति विद्यालय, गोर्दी</td><td>42548</td><td>41496</td><td>1052</td></tr>
<tr><td>११</td><td>श्री भलायडाँडा प्रा.वि.</td><td>35411</td><td>33362</td><td>2049</td></tr>
<tr><td>१२</td><td>श्री दलभञ्ज्याङ्ग प्रा.वि.</td><td>21812</td><td>15484</td><td>6328</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>41555</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३.४</td><td>१७१</td><td>२०७८-३-६</td><td>छात्रबृत्तिः कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को ४.२ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्वन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृत्ति दिन सकिने व्यवस्था छ । ४६ विद्यालयहरुलाई रु.८,०८,०००.०० छात्रवृत्ति निकासा दिएको छ । तपसिलको विद्यालयले पेश गरेको छात्रवृत्ति वितरण भरपाई परीक्षणमा निकासा रकम भन्दा घटी वितरण गरेको देखिन्छ । निकासा रकम भन्दा घटी वितरण गरेको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>निकासा रु.</th><th>प्रमाण पेश रु.</th><th>घटी रु.</th></tr>
<tr><td>१</td><td>श्री स्थानेश्वरी प्रा.वि.</td><td>6000</td><td>2800</td><td>3200</td></tr>
<tr><td>२</td><td>श्री भवानी आ.वि.</td><td>23200</td><td>19200</td><td>4000</td></tr>
<tr><td>३</td><td>श्री चण्डी आ.वि.</td><td>17200</td><td>13600</td><td>3600</td></tr>
<tr><td>४</td><td>श्री रत्नेश्वर मा.वि.</td><td>42000</td><td>34800</td><td>7200</td></tr>
<tr><td>५</td><td>श्री चक्रदेवी प्रा.वि.</td><td>4400</td><td>1600</td><td>2800</td></tr>
<tr><td>६</td><td>श्री दीर्घेश्वर मा.वि.</td><td>47200</td><td>23600</td><td>23600</td></tr>
</table>
</td><td>६२,८००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ७ | श्री बटुकी आ.वि. | 40000 | 38000 | 2000 | |
| | | | | ८ | श्री चित्रादेवी आ.वि. | 26800 | 19600 | 7200 | |
| | | | | ९ | श्री जिवनज्योती विद्यालय | 10000 | 8800 | 1200 | |
| | | | | १० | श्री विजय भवानी मा.वि | 39600 | 37200 | 2400 | |
| | | | | ११ | श्री महादेव प्रा.वि. | 10400 | 8000 | 2400 | |
| | | | | १२ | श्री भलायडाँडा प्रा.वि. | 15200 | 13600 | 1600 | |
| | | | | १३ | श्री दलभञ्ज्याङ्ग प्रा.वि. | 10400 | 8800 | 1600 | |
| | | | | | जम्मा | | | 62800 | |
| १४ | | | **पेश्की व्यवस्थापनः**<br>**पेश्की फर्छौटः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) अनुसार पेश्की लिने व्यक्ति वा सस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र पेश्की फर्छौट गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले उपलब्ध गराएको फर्छौट गर्न बाँकी पेश्कीको मास्केवारी तथा म.ले.प.फा.नं. २७२ को वित्तिय प्रतिवेदनको अनुसूची २३ अनुसार चालु वर्ष र गत वर्षको समेत रु. १९२७२४७५।- पेश्की फर्छौट गर्न बाँकी देखिन्छ । उक्त पेश्की रकम वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ को उपनियम ४ अनुसार फर्छौट गर्नुपर्दछ । चालु आ.व. को म्याद नाघेको सिनर्जि होम जे. भि. को पेश्की बाँकी रकम रु. ८८९००००।- नियमावलीमा व्यवस्था भए वमोजिम फर्छौट गर्नुपर्ने रु. | | | | | | ८,८९०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन,२०५८ को दफा ८ मा रोजगरावाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाका निम्न कर्मचारीहरुको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेकोले छुट पारिश्रमिक कर रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु. | ४०,६११ |

| नाम थर | वार्षिक आय | कट्टी रकम | करयोग्य आय | तिर्नुपर्ने कर | तिरेको कर | नपुग कर |
|---|---|---|---|---|---|---|
| पुरण गुरुङ | ६८९१६३ | १८८६१६ | ५००५४७ | ९५५४ | ६३३५ | 3299 |
| बुद्धि प्रसाद सुवेदी | ६५४५४३ | १८२८५६ | ४७१६८७ | ६६६८ | ६००१ | 667 |
| प्रकाश श्रेष्ठ | ५३४१२४ | ० | ५३४१२४ | १२९१२ | ४८५० | 8062 |
| तुलसी घिमिरे | ४९५६८५ | ० | ४९५६८५ | ९०६८ | ४६८० | 4388 |
| मनिषा गुरुङ | ४९५६८५ | ० | ४९५६८५ | ९०६८ | ४६८० | 4388 |
| वेदहरी अधिकारी | ६२१८२० | ९८८६० | ५२२९६० | ११७९६ | ४९३० | 6866 |
| दिलिप खांड | ६११७१३ | ९८८६० | ५१२८५३ | १०७८५ | ४३९० | 6395 |
| सुदिप पन्त | ६१९४२० | ९८८६० | ५२०५६० | ११५५६ | ४९३० | 6626 |
| जम्मा | | | | | | 40611 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>
पारिश्रमिक करः<br>
आयकरऐन, २०५८ को दफा ८ मा रोजगारबाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदाताबाट करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।समितिले निम्नानुसारका कर्मचारीको वार्षिक पारिश्रमिक भुक्तानीमा कम करकट्टी गरेको देखिएकोले असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.स.</th><th>कर्मचारीको नाम</th><th>वार्षिक आय</th><th>कुल कट्टी</th><th>करयोग्य आय</th><th>तिर्नुपर्ने कर</th><th>तिरेको कर<br>सा.सु कर समेत</th><th>नपुग कर</th></tr>
<tr><td>1.</td><td>कृष्ण प्रसाद दुवाडी</td><td>675666</td><td>159338</td><td>516328</td><td>11796</td><td>5163.3</td><td>6632.72</td></tr>
<tr><td>2.</td><td>महेन्द्र पन्त</td><td>672249</td><td>173258</td><td>498991</td><td>9889</td><td>4989.9</td><td>4899.09</td></tr>
<tr><td>3.</td><td>डा. विकास दुवाडी</td><td>739862</td><td>146281</td><td>593582</td><td>24652</td><td>5935.8</td><td>18716.3</td></tr>
<tr><td>4.</td><td>बेली श्रेष्ठ</td><td>622149</td><td>101978</td><td>520171</td><td>12218</td><td>5201.7</td><td>7016.29</td></tr>
<tr><td>5.</td><td>मोतिमाया श्रेष्ठ</td><td>655989</td><td>107258</td><td>548731</td><td>15360</td><td>5487.3</td><td>9872.69</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>47137.1</td></tr>
</table>
</td><td>४७,१३७</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>शिक्षक तलव भत्ताः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.१ | | | **बढी ग्रेडः** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप खण्ड २ को १ मा स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन शिक्षा विकास तथा समन्वय ईकाइ मार्फत विद्यालय शिक्षक कितावखानाबाट पारित गराई सो प्रतिवेदनका आधारमा अनुदान दिनुपर्ने व्यवस्था छ ।विद्यालय शिक्षकबाट कितावखाना शिक्षकको पारित तलवि प्रतिवेदन अनुसार भैरवाश्रम मा.वि. का नि.मा.शि.श्री निर्मला पुडासैनीको ४ ग्रेड पारित भएको मा विद्यालयको माग फारममा ५ ग्रेड माग भएको आधारमा निकासा भएको छ । यसरी पारित प्रतिवेदन भन्दा बढी दरमा भुक्तानी भएको ग्रेड दर रु.९४०.०० को दशै खर्च सहित १३ महिना र थप क.सं.कोष गरि जम्मा रु.१३,३४८.०० असुल गर्नुपर्ने रु | १३,३४८ |
| १७.२ | | | **अवकाश शिक्षकको तलव भुक्तानीः** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप खण्ड २ को १ मा स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन शिक्षा विकास तथा समन्वय ईकाइ मार्फत विद्यालय शिक्षक कितावखानाबाट पारित गराई सो प्रतिवेदनका आधारमा अनुदान दिनुपर्ने व्यवस्था छ ।स्थानिश्वर प्रा.वि.का प्रा.शि. श्री धन बहादुर आले २०७७ कातिक २४ गते अनिवार्य अवकाश भएको देखिन्छ ।निजको नाममा हाजिर भएको २३ दिनको रु.३१०६२.०० निकासा हुनुपर्नेमा कातिक महिनाको पुरै तलव रु.४०,८५८ निकासा भएको छ । यसरी अवकाश पश्चात तलव निकासा भएको रु.९७,९६.०० असुल गर्नुपर्ने रु. | ९,७९६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td>१०९</td><td>२०७७-१२-१०</td><td>विद्यालय सुधार योजना तथा सामाजिक परीक्षण प्रतिवेदनः<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को सि.नं. ५.१ क्रियाकलाप नं. २.७.१३.० अनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान विद्यालय सुधार योजनाका लागि प्रति विद्यालय वार्षिक रु.१५,०००.०० सामाजिक परीक्षणका लागी प्रति विद्यालय वार्षिक रु.१०,०००.०० एकमुष्ट अनुदान उपलव्ध हुने व्यवस्था छ । तपसिलका विद्यालयले आ. व. २०७६।७७ को विद्यालय सुधार योजना तथा सामाजिक परीक्षण पेस गरेको छैन ।तपसिलका विद्यालयले विद्यालय सुधार योजना तथा सामाजिक परीक्षण प्रतिवेदन पेस गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>श्री भद्रकाली मा.वि.</td><td>विद्यालय सुधार योजना र सामाजिक परीक्षण</td><td>25000</td></tr>
<tr><td>२</td><td>श्री भिमोदय मा.वि.</td><td>सामाजिक परीक्षण</td><td>10000</td></tr>
<tr><td>३</td><td>श्री जनकल्याण प्रा.वि.</td><td>विद्यालय सुधार योजना</td><td>15000</td></tr>
<tr><td>४</td><td>श्री कालिका प्रा.वि.फूजेल</td><td>विद्यालय सुधार योजना र सामाजिक परीक्षण</td><td>25000</td></tr>
<tr><td>५</td><td>श्री कालिका प्रा.वि.दर्बुङ्ग</td><td>विद्यालय सुधार योजना</td><td>15000</td></tr>
<tr><td>६</td><td>श्री पातलदेवी आ.वि.</td><td>सामाजिक परीक्षण</td><td>10000</td></tr>
<tr><td>७</td><td>श्री शिलाभैरब प्रा.वि.</td><td>विद्यालय सुधार योजना</td><td>15000</td></tr>
<tr><td>८</td><td>श्री त्रिकला आ.वि.</td><td>विद्यालय सुधार योजना</td><td>15000</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>130000</td></tr>
</table></td><td>१३०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **स्वास्थ्य तर्फः**<br>**औषधी खरिदः–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस आर्थिक वर्षमा शर्शत अनुदानवाट रु.२६२१००७।को औषधी खरीद गरेकोमा ८१९९००। सिलबन्दी प्रकृयाबाट खरीद गरेको छ भने रु.१८०११०७। सोझै खरीद भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,<br>• रु.२० लाख भन्दा बढीको औषधी खरीद बोलपत्र माध्यमबाट खरीद गर्नु पर्नेमा सो अनुसार खरिद नगरेको ।<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,<br>• तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
